लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं. ०७९/०८०

च.नं.

मिति २०७९/०८/१९

## किसान सूचीकरण सहजकर्ता माग सम्बन्धि सूचना।

लिखु गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **किसान सूचीकरण कार्यक्रम** अन्तर्गत किसान परिवारको वैयक्तिक तथा कृषि तथ्याङ्क संकलनको लागि तपसिलको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| विज्ञापन नं | सेवा/समूह/पद | माग पद संख्या | दरखास्त दस्तुर | सेवा अवधि |
|---|---|---|---|---|
| ०३-२०७९/८० | किसान सूचीकरण सहजकर्ता | २ | रु. ४०० | ३ महिना |

१. योग्यता र अनुभव
   - माध्यमिक तह (कक्षा १२) वा सो सरह उतिर्ण गरेको।
   - ट्यावलेट वा ल्यापटप चलाउन सक्ने।
   - उमेर कम्तिमा १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।

२. परीक्षाको किसिम:प्रारम्भिक योग्यता सुचि प्रकाशन, प्रयोगात्मक र अन्तर्वार्ता

३. परीक्षा मिति, समय र परीक्षा केन्द्र:२०७९/०९/०१ गते विहान ८:०० बजे, लिखु गा.पा. हल, अमिलबोटे।

४. दरखास्त बुझाउने स्थान र अन्तिम मितिः लिखु गाउँकार्यपालिकाको कार्यालय २०७९/०८/२५ गते कार्यालय समय भित्र ।

५. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
   - आवेदन फारम (कार्यालयबाट उपलब्ध गराईन्छ)
   - आवेदन दस्तुर तिरेको रसिद
   - नेपाली नागरिकताको प्रतिलिपि
   - विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योगतया र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
   - पासपोर्ट साईजको फोटो- ३ प्रति
   - कुनै तालिम तथा अनुभव लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

६. काम गर्नुपर्ने स्थान र अवधिः लिखु गाउँपालिका क्षेत्र भित्र (बढीमा ३ महिना)

७. सेवा सुविधाः किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि,२०७७ बमोजिम।

८. विस्तृत जानकारीका लागि सम्पर्क नम्बरः ९८४२६६२४९८, ९८५१०४६१३५ मा सम्पर्क गर्न सकिनेछ।

९. यस बाहेक अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ।

२०७९/८/१९

महेशबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत